सुदूरपश्चिम विश्वविद्यालय

**इन्जिनियरिङ्ग संकाय**

**परीक्षा सञ्चालन तथा व्यवस्थापन निकाय**

**डीनको कार्यालय, महेन्द्रनगर कञ्चनपुर ।**

# स्नातक तह BE/BArch(Civil, Computer, Architecture) कार्यक्रम प्रथम वर्ष प्रथम खण्ड (प्रथम सेमेष्टर) तथा दोस्रो वर्ष प्रथम खण्ड (तेस्रो सेमेष्टर) को परीक्षा दिने परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धि सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/१८**

सुदूरपश्चिम विश्वविद्यालय, इन्जिनियरिङ्ग संकाय परीक्षा सञ्चालन तथा व्यवस्थापन निकाय डीनको कार्यालय, महेन्द्रनगरले बि.स. २०८२(ई.स.२०२६)सालमा सञ्चालन गर्ने सेमेष्टर प्रणालीमा सञ्चालित **स्नातक तह BE/BArch(Civil, Computer, Architecture)कार्यक्रम प्रथम वर्ष प्रथम खण्ड (प्रथम सेमेष्टर) तथा दोस्रो वर्ष प्रथम खण्ड (तेस्रो सेमेष्टर)** को सत्रान्त परीक्षा दिने नियमित तथा आशिंक परीक्षार्थीहरु स्वयम्ले देहायको विवरण अनुसार परीक्षा आवेदन फाराम भरी आफू अध्ययनरत स्कूल/कलेजमा मिति २०८२ चैत्र २ गते भित्र बुझाउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

१. परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयम्ले भरी बुझाउनु पर्नेछ ।

२. परीक्षा आवेदन फाराम भर्दा पाठ्यक्रमले तोके बमोजिमका बिषयहरु भर्न भराउनु पर्नेछ ।

३. परीक्षा आवेदन फाराममा परीक्षा दिने सैद्धान्तिक, प्रयोगात्मक र परियोजना कार्य बिषय छुट्याई बिषय कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्नेछ ।

४. स्कूल/कलेजले तोकिएको मिति भित्र परीक्षा आवेदन फाराम संगै आन्तरीक मुल्याङ्कनको विवरण समेत पठाउनु पर्नेछ ।

५. स्कूल/कलेजले तोकिएको समय भित्र परीक्षार्थीहरुका परीक्षा आवेदन फाराम बुझी बिद्यार्थीले भरेका प्रत्येक फारामहरु अंग्रेजी बर्णानुक्रमानुसार स्पष्ट विवरण राखी बिद्यार्थीको नाम र रजिष्ट्रेशन नम्बर ठीक भए नभएको रुजू गरी सोको एक प्रति हस्ताक्षर सहित प्रिन्ट गरी तथा बिधुतीय प्रति समेत पठाउनु पर्नेछ ।

६. परीक्षार्थीले हालसालै खिचेको दुई प्रति एकनाशको पासपोर्ट साईजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरी स्कूल/कलेज प्रमुखको हस्ताक्षर हुनु पर्नेछ ।

७. स्कूल/कलेजले पहिलो म्याद सकिएको २ दिन भित्र सुपवि इन्जिनियरिङ्ग संकायको नेपाल बैङ्क लिमिटेड महेन्द्रनगरको खाता नम्बर १५६००१०७२६९१६९००००००१ मा एकमुष्ट परीक्षा दस्तुर रकम जम्मा गरी सोको भौचर सहित अनिवार्य रुपमा परीक्षा सञ्चालन तथा व्यवस्थापन निकायमा बुझाई सक्नु पर्नेछ ।

८. साधारण म्याद सकिएको ७ दिन सम्म दोब्बर दस्तुर लिई परीक्षा आवेदन फाराम बुझ्न सकिनेछ ।

९. परीक्षा शुल्क प्रति सेमेष्टर स्नातक तह लाई रु १०००। लाग्नेछ ।

१०.प्रयोगात्मक, परीयोजना कार्य तथा सेमिनार कार्य शुल्क प्रति सेमेष्टर स्नातक तह लाई प्रति बिषय रु २००। का दरले लाग्नेछ ।

.............

(ई.जनार्दन जोशी)

**परीक्षा प्रमुख**